नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
यान्त्रिक कार्यालय घोराही, दाङ

# लिलाम सम्बन्धी सूचना

कार्यालय प्रमुख

**बोलपत्र सूचना नं. : MODANG/AUC/01/079/080** **प्रथम पटक प्रकाशित मिति :- २०८०।०२।२४**

यस यान्त्रिक कार्यालयको मौजादमा रहेका तपसिल अनुसारको जिन्सी सामानहरु लिलाम बिक्री गर्नुपर्ने भएकोले प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र ईच्छुक खरिदकर्ताहरुवाट सिलवन्दी वोलपत्र आवहान गरिन्छ । तपसिल :

| | | | |
|---|---|---|---|
| १ | सवारी साधन तथा उपकरण | ८(आठ) थान | जम्मा न्यूनतम मूल्य |
| २ | पुराना स्पेयर पार्टस् | २६५ लाइन आइटम | रु. ६७७७४१।०० ( छ लाख सतहत्तर हजार सातसय एकचालीस रुपैया मात्र) मूल्य अभिबृद्धि कर (VAT ) वाहेक |
| ३ | टुल्स तथा मेनुअल | १०६ लाइन आइटम | |
| ४ | कार्यालय समानहरु | १६ लाइन आइटम | |

अन्य आवश्यक जानकारीहरु

१. लिलाम बिक्रि मालसमानहरु हेर्ने ठाउँ, समय : यान्त्रिक कार्यालय दाङ घोराहीको यार्डमा र कार्यालय समयमा ( बिहान **१०.००** वजे देखि **५.००** वजेसम्म) ।

२. बोलपत्र फारम पाउने स्थान र समय : श्री सडक विभाग, यान्त्रिक कार्यालय दाङ, घोराही, कार्यालय समयमा ।

३. बोलपत्र फारम दस्तुर **रु.१०००।००** फिर्ता नहुने गरी, बोलपत्र खरिद गर्न लाग्ने दस्तुर ने.बै.लि. घोराही शाखामा को.ले.नि.का.दाङको नाममा राजश्व खाता नं.**००१०१००००००००१००१००१** , राजश्व शिर्षक **नं.१४२२९,** यान्त्रिक कार्यालय दाङको कार्यालय कोड **३३७०१५६०३** मा जम्मा गरेको बैंकको भौचर वा यसै कार्यालयमा नगद बुझाएको सक्कलै नगदी रसीद निवेदन साथ तथा बुदा नं. **८** मा उल्लेख गरिएको अनुसारको कागजातहरु पेश गरि सकेपछि बोलपत्र फारम यस कार्यालयवाट उपलब्ध हुनेछ ।

४. बोलपत्र फारम खरिदको अन्तिम मिति : प्रथम पटक प्रकाशित मितिले १५ औं दिनको अन्तिम दिनको कार्यालय समय सम्म हुनेछ ।

५. बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति तथा खोलिने समय : प्रथम पटक प्रकाशित मितिले **१६** औं दिनको १२.०० वजेसम्म र खोलिने समय सोही दिनको २.०० वजे , यान्त्रिक कार्यालय दाङमा बोलपत्र मूल्यांकन समिति तथा बोलपत्र दाताहरुको रोहवरमा खोलिनेछ । बोलपत्र दाताहरु तथा निजको प्रतिनिधि उपस्थिति नभए पनि बोलपत्र खोलिनेमा वाधा हुने छैन ।

६. धरौटी रकम :- कवोल अंकको **१०%** (भ्याट सहितको) रकम ।

७ . धरौटी रकम जम्मा गर्ने बैंकको नाम, खाता न. र कार्यालय कोड न. :- बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत वाफतको रकम कोष तथा लेखा नियन्त्रकको कार्यालय दाङ,को नेपाल बैंक लिमिटेड, दाङ, शाखामा रहेको धरौटी खाता न. **०२७०१०००००२००३०००००१**, यान्त्रिक कार्यालयको कार्यालय कोड नं. **३३७०१५६०३** मा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकवाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन (बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि ) म्याद भएको बैंक जमानत **(Unconditional Bid Bond)** बोलपत्रसाथ पेश गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वाफतको बैंक भौचर, रसिद वा बैंक जमानतपत्र यो सूचना प्रकाशित भएको मिति पछिको हुनु पर्नेछ । माथि उल्लेखित वाहेक सिलवन्दी खाम भित्र कुनै किसिमको जिन्सी वा नगद राखेमा मान्य हुने छैन ।

८. बोलपत्र खरिद गर्न इच्छुक व्यक्ति वा संस्थाले पेश गर्नु पर्ने कागजातहरु :-

क. फर्म भए नविकरण भएको ईजाजत पत्रको प्रमाणित प्रतिलिपी ।

ख. आ.व. **०७८।०७९ सम्म**को कर चुक्ताको प्रमाणि प्रतिलिपी ।

ग. व्यक्ति भए नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

घ .आन्तरिक राजश्व कार्यालयवाट लिएको पान दर्ताको प्रमाणित प्रतिलिपी ।

९. बोलपत्र दाखिला गर्ने दिन वा खोलिने दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको १२.०० वजे सम्म दाखिला गर्ने र २.०० वजे खोलिने छ ।

१०. बोलपत्र फाराम शिलवन्दी नभएको , बोलपत्र दाताको सही छाप नभएको , म्याद भित्र दाखिला नभएको , तोकिएको धरौटी रकम जम्मा नभएको ईत्यादी कुनै कारणवाट रित नपुगेको बोलपत्र माथि कार्वाही हुने छैन ।

११ . माथि उललेखित यान्त्रिक उपकरणहरु तथा सवारी साधनहरुको ब्लु बुक र नम्बर नदिने तथा यातायात व्यवस्था कार्यालयवाट नामसारी समेत हुने छैन ।

१२. बोलपत्र स्वीकृत वा रद्द गर्ने सम्पुर्ण अधिकार यस यान्त्रिक कार्यालयमा निहित रहने छ ।

१३ . बोल कवोल गरेको कुल जम्मा रकममा मूल्य अभिवृद्धि कर १३ प्रतिशत (भ्याट) अतिरिक्त लाग्नेछ ।

१४ .विस्तृत विवरण र लिलाम हुने सामानहरु हेर्नका लागि कार्यालय समय भित्र यस कार्यालयमा हेर्ने व्यवस्था मिलाइने छ ।